annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १२० पृष्ठ ८ | काठमाडौं, बुधबार ११ भदौ २०८२ | भाद्र शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४५ | WEDNESDAY, AUGUST 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

कर्मचारीलाई किन सुगम नै प्यारो ?

संघीयतापछि तीन तहका सरकार बने । जनतालाई घरदैलोमै सेवा, सुविधा दिने भनियो । तर, राज्यको स्थायी सरकार मानिने निजामती कर्मचारी भने स्थानीय तहमा जानै मानेनन् । सामान्य प्रशासन मन्त्रालय सरुवा गर्छ, कर्मचारी तत् ठाउँमा नपुगी बाटैबाट सरुवा फिर्ता गर्छन् । गएकाहरू पनि धेरै समय बस्दैनन् । अर्कोतिर, आफू अनुकूल नभएको भन्दै स्थानीय तहले हाजिरी नगराउने अर्को समस्या छ । त्यसैले कर्मचारीलाई सुगम नै प्यारो लाग्ने गरेको छ । संसद्मा विचाराधीन निजामती सेवासम्बन्धी विधेयक तत्काल पारित गरेर कर्मचारीलाई स्थानीय तहसम्मै परिचालन गर्नुपर्ने खाँचो रहेको जानकारहरू बताउँछन् ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २



जडीबुटीको ट्रकमा भेप तस्करी

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

हुम्लाको हिल्सा नाका जहाँबाट एकातिर तीर्थयात्रीहरू कैलाश मानसरोवर पुग्छन् । अर्कोतिर हुम्लाका स्थानीय नागरिकहरू दैनिक उपभोग्य सामान आयात-निर्यात गर्छन् । तर, पछिल्लो समय त्यहाँ दैनिक उपभोग्य समानहरू आयात निर्यातमात्र हुँदैन्, अवैध समानहरू वैध बनाएर तस्करहरूले कालो धन कमाउन उपयुक्त गेट वे नै बनेको छ । तीन दिनअगाडि मात्र जडीबुटी सेतक चिनीका नाममा डिभिजन वन कार्यालयद्वारा छुट पुर्जीसहित हुम्लाबाट हिँडेको कन्टेनर दैलेखको खिड्कीज्युलाबाट सशस्त्र प्रहरीको फन्दामा पऱ्यो ।

हुम्लाबाट निर्वाचित सांसद तथा कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीका सहोदर भाइ लोकजंग शाहीले संकलन तथा छुट पुर्जी दिएको हुम्लामा संकलित जडीबुटी लोड भएको उल्लेख गरी पठाइएको कन्टेनरमा करिब ३९ हजार ९ सय थान विद्युतीय चुरोट (भेप) फेला परेको छ । डिभिजन वन कार्यालय सिमकोट हुम्लाले रसिद काटेर जडीबुटी उल्लेख गरी पठाएको कन्टेनरबाट राजस्व अनुसन्धान विभाग र सशस्त्र प्रहरी बल एपीएफ टोलीले दैलेखको खिड्कीज्युलाबाट कन्टेनर नियन्त्रणमा लिएको हो । कन्टेनरमा इएलएफबीएआर ब्रान्डका ३९ हजार ९ सय थान भेप बरामद गरिएको छ ।

डिभिजन वन कार्यालय हुम्लाका निमित्त डिभिजन वन अधिकृत लोकजंग शाहीले नेपालगन्जसम्मका लागि जाँचपास गरेर पठाएको कन्टेनर सशस्त्र प्रहरीले दैलेखको खिड्कीज्युलाबाट तीन दिनअगाडि नियन्त्रणमा लिएको बताए । नियन्त्रणमा लिइएको उक्त कन्टेनरलाई कोहलपुर लगेर राजस्व र भन्सारसहितको टोलीले खोलेर हेर्दा चीनबाट भन्सार छली गरी तस्करी गरेर ल्याएको ३९ हजार ९ सय थान भेप र २ हजार ४ सय ६ केजी सेतक चिनी फेला परेको हो । बरामद भेप करिब १० करोडभन्दा बढी रुपैयाँको रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । उक्त भेप बोकेको कन्टेनरमा रहेका तीन जना प्रहरीले पक्राउ गरेको छ । स्रोतका अनुसार उनीहरूले हुम्लाका केही व्यवसायी र कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीको नाम प्रारम्भिक अनुसन्धानका खोलेका छन् ।

जडीबुटीको नाममा राजस्व छली गरी इलेक्ट्रिकल भेप बोकेर ल्याएको कन्टेनर सशस्त्र प्रहरीको फन्दामा । ● अन्नपूर्ण

तस्करीको 'लामै तयारी'

गत साउन महिनाको ५ र ६ गते सुर्खेतमा गत आर्थिक वर्षको वार्षिक समीक्षा थियो । डिभिजन वन कार्यालय प्रमुख चन्द्रवीर गुरुङ र योजना शाखा प्रमुख लोकजंग शाही आउनुपर्ने थियो । तर लोकजंग शाही सुर्खेत आउन मानेनन् । स्रोतले भन्यो, 'प्रायः उहाँ तालिम गोष्ठीमा भन्दा पनि निमित्त कार्यालय प्रमुख भएर जिल्लामै बस्न बढी मन पराउनुहुन्छ ।' यसपटक पनि उहाँले वार्षिक समीक्षामा आफू नजाने भनेपछि कार्यालय प्रमुख गुरुङ र प्रशासन प्रमुख नेत्र शाही सुर्खेत भरेका हुन् । उनीहरू साउन ५ र ६ गते वार्षिक समीक्षा र अर्को एक तालिममा सहभागी भएर हालसम्म पनि सुर्खेतमै छन् ।

डिभिजन वन कार्यालयका निमित्त प्रमुख भएर कार्यरत लोकजंग शाहीले नै कैलाश ईश्वर जडीबुटी खरिदबिक्री केन्द्रका सञ्चालक कुन्साङ दोर्जी लामाका नाममा ५ हजार केजी सेतक चिनी उल्लेख गरी वन कार्यालय हुम्लाले नेपालगन्जसम्म पुग्ने गरी कन्टेनर जाँचपास गरेका थिए ।

» बाँकी पृष्ठ ६

लन्डनमा नेपाल-झल्को

तस्बिर सौजन्य: शिव भण्डारी

ध्रुवराज अर्याल | *लन्डन*

बेलायतमा नेपाली कला, संस्कृति र परम्परा प्रबर्द्धन गर्ने उद्देश्यले बर्सेनि आयोजना हुँदै आएको नेपाली मेलाको १६औं संस्करण आइतबार भव्य कार्यक्रमका साथ सम्पन्न भएको छ ।

लन्डनस्थित नेपाली दूतावाससँगको सहकार्यमा तमुधिं यूकेले आयोजना गरेको मेलामा सहभागी हुन लन्डनको केम्पटन पार्क रेसकोर्समा बेलायतका विभिन्न क्षेत्रबाट झन्डै १३ हजार नेपाली भेला भएका थिए । सन् २००९ देखि हरेक वर्ष हुँदै आएको मेला सहभागिता र सांस्कृतिक प्रस्तुति दुवै आधारमा अहिलेसम्मकै व्यापक र ऐतिहासिक बनेको आयोजकले जनाएका छन् ।

बेलायतका विभिन्न ४४ नेपाली संस्थाका तर्फबाट गरिएको आ–आफ्नो जातीय तथा सांस्कृतिक पहिचान र परम्परा झल्काउने कलात्मक झाँकी प्रस्तुति मेलाको प्रमुख आकर्षण थियो । सोही अवसरमा झन्डै दुई दर्जन संस्थाले मौलिक नेपाली सांस्कृतिक नृत्यसमेत देखाएका थिए । तमु समुदायको ट्होटे, नेवारहरूको गाईजात्रा र मौलिक बाजामा घिन्ताङ घिसी, किरातहरूको साकेला, लिम्बूहरूको हाक्पारे, धाननाच र च्याब्रुङदेखि मगर समुदायको कौरा, मारुनी र झ्याउरे, नौमति बाजासम्मका विविध मौलिक प्रस्तुतिले मेलालाई साँच्चिकै नेपालमय बनाएका थिए ।

पासा पुचः गुथिले ४० जनाको सहभागितामा मौलिक धिमे नाचको उत्कृष्ट प्रस्तुति देखाएको थियो । बन्टओर्क नेपाली समाजका तर्फबाट केयरसिंह गुरुङको संयोजनमा ससाना बालबालिकाले प्रस्तुत गरेको सारंगी र मादलको प्रस्तुतिले पनि धेरैको मन जित्यो ।

मेलामा प्रस्तुत झाँकी तथा मौलिक सांस्कृतिक नृत्यतर्फ उत्कृष्ट प्रस्तुति गर्दै पासा पुचः गुथि यूकेले ११ सय पाउन्ड नगद पुरस्कारसहितको एम्बासडर कप जित्यो । किरात याक्थुङ चुम्लुङ र किरात राई यायोक्खा क्रमशः दोस्रो र तेस्रो भए । झाँकीतर्फ मगर संघ यूके, पासा पुचः यूके र किरात याक्थुङ चुम्लुङ तथा सांस्कृतिक नृत्यतर्फ पासा पुचः गुथि यूके, तनहुँ समाज यूके र किरात याक्थुङ चुम्लुङ क्रमशः प्रथम, दोस्रो र तेस्रो पुरस्कार जित्न सफल बने । मेलास्थलमा राखिएका नेपाली खाना, पोसाक र मौलिक सामग्रीहरूदेखि विभिन्न व्यापार, व्यवसाय र च्यारिटीलगायतका ७५ वटा स्टलमा मेला हेर्न आएका सहभागीको दिनभर भिड लागेको थियो ।

तमुधिं यूके अध्यक्ष जुमकाजी गुरुङको अध्यक्षतामा सम्पन्न मेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि बेलायतका लागि नेपाली राजदूत चन्द्रकुमार घिमिरेले नेपालको विशिष्ट पहिचान र सांस्कृतिक विविधतालाई नेपाली मेलाले बेलायतमा ल्याएकोमा खुसी व्यक्त गरे ।

» बाँकी पृष्ठ ६

सर्वोच्च अदालत, संयुक्त इजलासको व्याख्या

नागा साधुहरू नांगै रहनु अश्लीलता होइन

दिनेश गौतम | *काठमाडौं*

सर्वोच्च अदालतले शिवरात्रि पर्वका अवसरमा पशुपतिनाथ मन्दिर परिसरमा नागा साधुहरू नांगै रहनुलाई अश्लीलता प्रदर्शन गरेको भन्न नमिल्ने व्याख्या गरेको छ । साधु सन्त जोगी आदिलाई सामान्य दक्षिणा दिई बिदाइ गर्नु धार्मिक, सामाजिक संस्कार र परम्परासमेत भएकाले रोक्न नहुने आदेश दिएको छ ।

न्यायाधीशद्वय डा. कुमार चुडाल र डा. नहकुल सुवेदीको संयुक्त इजलासले नागा साधुहरू मन्दिर परिसरमा रहनुलाई सनातन धार्मिक अभ्यास र परम्परा भएको व्याख्या गरेको छ । अधिवक्ता यज्ञमणि न्यौपानेले शिवरात्रिको अवसरमा पशुपतिलगायतका शिवालयहरूमा नागा बाबाहरूलाई नांगै हिँड्डुल गर्न निषेधको माग गर्दै रिट निवेदन दायर गरेका थिए । सर्वोच्चले २०८१ भदौ २७ गते गरेको आदेशको पूर्णपाठ मंगलबार सार्वजनिक भएको छ । सर्वोच्चले रिट निवेदन खारेज गरेको छ ।

डा. कुमार चुडाल

डा नहकुल सुवेदी

सर्वोच्चले सामाजिक र नैतिक स्वीकार्यताको दृष्टिले समेत अन्यथा नदेखिएको स्थितिमा नागाहरूले अश्लीलताको प्रदर्शन गरेको भन्न नमिल्ने व्याख्या गरेको छ । 'सनातन धार्मिक अभ्यास र परम्परा बमोजिमको रहेको देखिएको र नागा साधुहरू मन्दिर परिसरमा रहनुलाई सामाजिक र नैतिक स्वीकार्यताको दृष्टिले समेत अन्यथा नदेखिएको स्थितिमा निजहरूले अश्लीलताको प्रदर्शन गरेको भन्न मिलेन,' सर्वोच्चले व्याख्या गरेको छ, 'मेला व्यवस्थापनका क्रममा विपक्षी पशुपति क्षेत्र विकास कोषले नागा साधुहरूलाई खास स्थान या क्षेत्र तोक्न सक्ने देखिए तापनि निजहरूलाई भगवान् पशुपतिनाथ मन्दिरको परिसरमा प्रवेश नै निषेध गर्दा सनातनदेखि चलिआएको परम्परा नै हस्क्षेप हुन जाने भएकाले नागा साधुहरूलाई पशुपतिनाथ क्षेत्र परिसरमा प्रवेश गर्न निषेध गरिनुपर्ने भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन ।

साथै, यसरी आउने साधु सन्त जोगी आदिलाई सामान्य दक्षिणा दिई बिदाइ गर्नु हाम्रो धार्मिक र सामाजिक संस्कार र परम्परासमेत भएको हुँदा सो परम्परालाई समेत रोक्नुपर्ने भन्ने निवेदन जिकिरको पनि तर्कसम्मत आधार देखिएन ।'

सर्वोच्चले सैद्धान्तिक तथा विधिशास्त्रीय मान्यताका परिसरमा नागा साधुहरू नांगै बस्नुको उद्देश्य दर्शनार्थी भक्तजनहरूको कामोत्तेजना बढाउने वा कामवासनामा आशक्त गराउने वा निजहरूको सोचलाई भ्रष्ट र चरित्रहीन गराउने उद्देश्य नभएको व्याख्या गरेको छ ।

» बाँकी पृष्ठ ६